# महालक्ष्मी राजपत्र

## खण्ड : ४ सङ्ख्या: ६, मिति २०७७/०८/१७

## भाग – २

# महालक्ष्मी नगरपालिका

## नगर प्रमुख युवा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०७७

**प्रस्तावना**:– नेपालको संविधानको धारा ३३ मा रोजगारीको हकलाई मौलिक हकको रूपमा उल्लेख गर्दै प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ भन्ने व्यवस्था रहेको छ । नेपालमा वार्षिक ५ लाख जनशक्ति श्रम बजारमा आउने तथ्याङ्क रहेको छ ।

नेपालको आन्तरिक बजारमा रोजगारीका पर्याप्त व्यवस्था हुन नसक्दा दैनिक १५०० युवा रोजगारीका लागि हवाई मार्गबाट विदेशिने गरेका छन् भने विदेश गएका युवाहरू समेत स्वदेशमा नै काम गर्ने सोचसहित फर्किनेहरूको सङ्ख्यासमेत उल्लेख्य रहेको छ ।

महालक्ष्मी नगरपालिकाको आठौं नगर सभाबाट स्वीकृत आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रमअन्तर्गत  सि.नं. ५० मा उद्यम गर्न चाहने युवा एवं लक्षित वर्गले समूहमा आबद्ध भई व्यवसाय गर्न चाहेमा व्यावसायिक प्रस्तावको आधारमा कर्जा सहजीकरण, बीउ पुँजी, प्रविधि हस्तान्तरण, बजारीकरणमा सहयोग गर्ने कार्यक्रमसहित  नगर प्रमुख  युवा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन  गरिनेछ । यस कार्यक्रम सञ्चालनका लागि उद्यमशीलता विकास कोषको स्थापना गरी कोष सञ्चालनको कार्यविधि स्वीकृत गरी लागु गरिने उल्लेख छ ।

नगरपालिकाको स्वीकृत वार्षिक नीति तथा कार्यक्रमबमोजिम उद्यमशीलता विकास कोष सञ्चालन कार्यविधि, २०७७ कार्यपालिकाबाट स्वीकृत भई कार्यान्वयनमा आएको छ । यस कोषमा बर्सेनी रकम जम्मा गरी उद्यमशीलता प्रर्वद्धन गर्न आ.व. २०७७/०७८ मा रु. ५०,००,०००। (अक्षरेपि पचास लाख मात्र) विनियोजन समेत गरिएको छ ।

महालक्ष्मी नगरपालिका क्षेत्रभित्र स्थायी रूपले बसोबास गर्ने खास गरी विदेशबाट फर्किएका लक्षित समूहका व्यक्तिहरू (महिला, आदिवासी/जनजाति, दलित, अपाङ्गता भएका व्यक्ति) हरूलाई समूह वा एकल रूपमा उद्यम गर्न चाहेमा आवश्यक तालिम, कर्जा सहजीकरण, बीउ पुँजी, प्रविधि हस्तान्तरण, बजारीकरणमा आवश्यक सहयोग पुऱ्याउन नगर प्रमुख युवा उद्यमशीलता विकास कार्यक्रम कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो मापदण्डको नाम नगर प्रमुख युवा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ रहेको छ ।

(२) यो मापदण्ड नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

२. **उद्देश्य** : यस नगर प्रमुख युवा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन मापदण्डका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) नगरपालिकाभित्र स्थायी रूपले बसोबास गर्ने युवायुवतीहरूलाई उद्यम गर्ने वातावरण सृजना गर्न व्यावसायिक योजना तर्जुमा तथा आवश्यक सीपमूलक तालिम प्रदान गर्ने ।

ख) लक्षित वर्ग समुदायका व्यक्तिहरू (महिला, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, आर्थिक रूपले विपन्न) व्यक्तिहरूले

सानो पुँजीमा उद्यम गर्न चाहेमा तोकिएको सीमासम्मको बीउ पुँजी बापत बढीमा १ प्रतिशत सेवा शुल्कमा निर्ब्याजी बैङ्क मार्फत कर्जा उपलब्ध गराउने ।

ग) बुँदा (ख) बमोजिमको सीमाभन्दा ठूला लगानी गरी उद्यम गर्न चाहने व्यक्तिहरूका लागि बैङ्क मार्फत सहज ढङ्गबाट सरल कर्जा उपलब्ध गराउन सहजीकरण गर्ने ।

घ) विभिन्न साझेदार संस्थाहरूको सहकार्यमा उद्यम गर्न चाहने व्यक्तिहरूलाई प्रविधि सहयोग गर्ने ।

(ङ) नगर क्षेत्रभित्रका उद्यमीहरूले गरेका उत्पादनहरूको बजारीकरणमा आवश्यक सहयोग पुऱ्याउने ।

च) नगरपालिकाबाट प्रवर्द्धन गरिएका उद्यमको अनुगमन एवं सहजीकरणमा सहयोग गरी उद्यमशीलतालाई प्रवर्द्धन गर्ने ।

## ३. कार्यक्रम/क्रियाकलापहरू

नगरप्रमुख युवाउद्यमशीलता विकास कार्यक्रमअन्तर्गत निम्न क्रियाकलाप सञ्चालन गरिनेछ :

### (क) समूह गठन तथा दर्ता :

नगर प्रमुख युवा उद्यमशीलता विकास कार्यक्रममा सहभागी हुन कम्तीमा ५ जना र बढीमा २० जना सम्मको समूह गठन गरी

नगरपालिकाको श्रम तथा रोजगार शाखामा दर्ता गराउनु पर्नेछ। यस्तो समूह दर्ता गर्दा सम्बन्धित वडा कार्यालयको सिफारिस आवश्यक पर्नेछ। समूह गठन र दर्ता कार्यमा नगरपालिकाको श्रम तथा रोजगार शाखाबाट आवश्यक सहजीकरण गरिनेछ। समूह दर्ता गर्दा कुनै शुल्क लाग्ने छैन । दर्ता भएको समूहलाई निर्धारित ढाँचामा नगरपालिकाले उद्यमी समूह दर्ता प्रमाणपत्र प्रदान गर्नेछ ।

**(ख) उद्यमशीलता विकास प्रशिक्षण/अनुशिक्षण**

सार्वजनिक सूचना गरी प्रत्येक वडामा उद्यम गर्न चाहने युवायुवतीहरूको सूची सङ्कलन गरिनेछ। यस्ता सूचीमा आबद्ध व्यक्तिहरूलाई वडागत रूपमा व्यावसायिक सीप विकास तथा व्यावसायिक योजना तर्जुमा तालिम सञ्चालन गरिनेछ । यस्तो अनुशिक्षण सम्बन्धित क्षेत्रका विज्ञहरूद्वारा गराइनेछ ।

**(ग) प्रविधि हस्तान्तरण तथा बजारीकरणमा सहयोग**

प्रत्येक वडाका एक/एक वटा उद्यमी समूहलाई एक लाखमा नबढ्ने गरी उद्यमशीलता विकास कोष सञ्चालन कार्यविधिको आधारमा छनौट गरी प्रविधि हस्तान्तरण तथा बजारीकरणअन्तर्गत प्रविधि अनुदान उपलब्ध गराइनेछ ।

**(घ) बीउ पुँजी तथा कर्जा सहजीकरण प्रक्रिया :**

(१) उद्यम गर्न चाहने सूचीकृत व्यक्ति वा समूहलाई व्यावसायिक प्रस्तावसहित निवेदन दिन कम्तीमा ७ दिने सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गरिनेछ ।

(२) प्राप्त प्रस्तावमध्ये प्रत्येक वडामा कम्तीमा एक/एक वटा ५ लाखसम्म लगानीमा उद्यम गर्न चाहने समूहलाई लगानीको ५० प्रतिशत वा बढीमा २ लाखसम्म बढीमा १ प्रतिशत सेवा शुल्कमा निर्ब्याजी बीउ पुँजीका लागि बैङ्क मार्फत कर्जा उपलब्ध गराउन उद्यमशीलता विकास कोष सञ्चालन कार्यविधिको आधार मा छनौट गरिनेछ ।

(३) बुँदा (२) बमोजिम छनौट हुन नसकेका प्रस्ताव पेश गर्ने उद्यमी वा उद्यमी समूहलाई व्यावसायिक प्रस्तावको आधारमा सम्बन्धित बैङ्कबाट सहज ढङ्गबाट १५,००,०००। (अक्षरेपि पन्ध्र लाख मात्र) सम्मको सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन सिफारिस गरिनेछ ।

**४. कार्यक्रमसम्बन्धी नीतिगत निर्णय प्रक्रियासम्बन्धी व्यवस्था**

नगर प्रमुख  युवा उद्यमशीलता विकास कार्यक्रमसम्बन्धी नीतिगत निर्णय गर्ने कार्य उद्यमशीलता विकास कोष सञ्चालन कार्यविधिको कोष सञ्चालक समितिबाट हुनेछ ।

**५. अनुगमन तथा मूल्याङ्कन**

नगर प्रमुख युवा उद्यमशीलता विकास कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूको अनुगमन मूल्याङ्कनसम्बन्धी कार्य उद्यमशीलता विकास कोष सञ्चालन कार्यविधि, २०७७ को अनुगमन समितिबाट हुनेछ ।

**६.** यस कार्यक्रमअन्तर्गत प्रवर्द्धित उद्यमीहरूमध्ये उत्कृष्ट उद्यमी वा उद्यमी समूहलाई नगरपालिकाले पुरस्कार तथा प्रशंसा पत्र प्रदान गरी हौसला बढाउन सक्नेछ ।

**७. बीउ पुँजी/प्रविधि हस्तान्तरण एवं बजारीकरण सहयोग कार्यक्रमअन्तर्गत समूह छनौटका आधारहरू:**

(क) कार्यक्रमअन्तर्गत बीउ पुंजी/प्रविधि एवं बजारीकरणमा सहयोग गर्न प्रत्येक वडामा कम्तीमा एक/एक वटा समूह छनौट गरिनेछ। यस्तो समूह छनौट गर्ने आधार निम्नानुसार हुनेछ :

| | |
|---|---|
| (१) पुंजी लगानी सीमा ५ लाख भन्दा कम | -३० अङ्क |
| (२) आर्थिक रूपले विपन्न प्रमाणित (वडाबाट) | -२० अङ्क |
| (३) सम्बन्धित उद्यमसँग सम्बन्धित सीप (प्रमाणपत्र आवश्यक) | -२० अङ्क |
| (४) रोजगारी सृजना प्रति व्यक्ति २ अङ्क | -२४ अङ्क |
| (५) कृषि, पर्यटन र हस्तकलासम्बन्धी उद्यम | -६ अङ्क |
| **जम्मा** | **-१०० अङ्क** |

(बढी सङ्ख्यामा रोजगारी सृजना गर्ने समूहलाई प्राथमिकता दिइनेछ ।)

**८. उद्यमीहरूबाट उत्पादित सामग्री खरिदमा प्राथमिकता दिइने**
नगर प्रमुख युवा उद्यमशीलता विकास कार्यक्रमअन्तर्गत प्रवर्द्धित उद्यमीहरूको उत्पादन खरिदमा नगरपालिकाले प्राथमिकता दिनेछ । यस्ता उत्पादन उपयोग गर्न नगरपालिकाभित्रका सरकारी तथा गैरसर कारी निकायहरूलाई प्रोत्साहन गरिनेछ ।

**९. स्थानीय श्रमिकको उपयोग गर्नुपर्ने**
नगर प्रमुख युवा उद्यमशीलता विकास कार्यक्रमअन्तर्गत प्रवर्द्धित उद्यमीहरूले श्रमिकहरू भर्ना गर्दा नगरपालिकाको श्रम बैङ्कमा आबद्ध व्यक्तिहरूलाई प्राथमिकता दिनुपर्नेछ । यस्ता कामदार तथा कर्मचारी अनिवार्य रूपमा नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ ।

**आज्ञाले**
**पुरुषोत्तम सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**
**महालक्ष्मी नगरपालिका, ललितपुर ।**